# नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

## आ.व.२०८२/८३

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिमको अद्यावधिक विवरण

### (क) निकायको स्वरूप र प्रकृतिः

लगानी बोर्ड नेपाल (IBN) सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ अन्तर्गत सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठित एक स्वायत्त र उच्चस्तरीय सरकारी निकाय हो, जसले रु. ६ अर्बभन्दा बढी पुँजीका पूर्वाधार र २०० मेगावाटभन्दा बढी क्षमताका ऊर्जा परियोजनाहरूका लागि लगानी प्रवर्द्धन, स्वीकृति, PDA/PIA सम्झौता र सहजीकरण गर्ने कार्य गर्दछ।

### (ख) निकायको काम, कर्तव्य र अधिकारः

- सार्वजनिक-निजी साझेदारी अवधारणा अन्तर्गतका परियोजनाहरुको पहिचान, सर्वेक्षण तथा कार्यान्वयनको लागि विकासकर्ता छनौट तथा अनुगमन लगायतका कार्य गर्ने,
- सार्वजनिक-निजी साझेदारी अवधारणा तथा निजी लगानीमा कार्यान्वयन हुने परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन लगायतका कार्यमा सहजीकरण गर्ने,
- बोर्डद्वारा स्वीकृत शर्तहरु तथा प्रस्ताव आह्वानमा संलग्न सम्झौताको मस्यौदाको आधारमा प्रस्तावक वा लगानीकर्तासँग वार्ता गरी सम्झौता गर्ने,
- सम्झौता अनुरूप परियोजना कार्यान्वयन गर्न लगानीकर्तालाई सहजीकरण गर्ने,
- परियोजना कार्यान्वयनमा देखिएका समस्याको निराकरण गर्ने,
- स्वीकृत परियोजना कार्यान्वयनका लागि सार्वजनिक निकाय, प्रदेश, स्थानीय तह लगायत निजी क्षेत्रसँग समन्वय गर्ने,
- स्वीकृत परियोजनाले प्राप्त गर्ने आर्थिक वा गैरआर्थिक सुविधा उपलब्ध हुने व्यवस्था मिलाउने,
- कुनै क्षेत्र वा परियोजनाको लागि उपलब्ध गराइएको सुविधा अपर्याप्त भएको वा अन्य कुनै कारणबाट लगानी निरुत्साहित भएको देखिएमा सोको सुधारका उपाय बोर्ड समक्ष पेश गर्ने,
- परियोजनाको कार्यान्वयनको अनुगमन गर्ने तथा समयतालिका बमोजिम परियोजना कार्यान्वयन नभएको देखिएमा सो सम्बन्धमा आवश्यक कारवाही गर्न वा अनुमति रद्द गर्नका लागि बोर्ड समक्ष सिफारिस गर्ने,

- कुनै विशेष लगानीका क्षेत्र वा उपक्षेत्रमा विशेष ध्यान दिन आवश्यक देखिएमा सोको सुझाव बोर्ड समक्ष पेश गर्ने,
- स्वदेशी तथा विदेशी लगानीको सुरक्षा तथा लगानी प्रवर्धन सम्बन्धी कार्य गर्ने,
- सार्वजनिक-निजी साझेदारी तथा लगानी सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,
- बोर्डको क्षेत्राधिकार भित्र रहेका र बोर्डले निर्णय गरी तोकिदिएका प्रशासनिक तथा अन्य कार्य गर्ने।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

- कार्यालयमा प्रमुख कार्यकारी अधिकृत (CEO), सह-सचिव, उप-सचिव लगायत कूल २६ जना स्थायी दरबन्दीमा कर्मचारीहरू कार्यरत छन्।
- कर्मचारी विवरण, दरबन्दी र कार्य विभाजन तालिका कार्यालयको आधिकारिक वेबसाइटमा अद्यावधिक गरिएको छ।

**(घ) निकायबाट प्रदान गरिने सेवाः**

- ६ अर्ब रुपैंया भन्दा बढी र २०० मेगावाट माथिका ठूला परियोजनाहरूको लगानी स्वीकृति तथा सहजीकरण।
- सार्वजनिक-निजी साझेदारी (PPP) र निजी लगानीका पूर्वाधार परियोजनाहरूको द्रुत सहजीकरण।
- लगानीकर्ताहरूका लागि भिसा, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्यांकन (EIA) स्वीकृतिमा सहजीकरण।
- परियोजना विकास तथा लगानी सम्झौता वार्ता र कार्यान्वयन।

**(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

- **परियोजना कार्यान्वयन/विकास शाखाः** सम्बन्धित परियोजना हेर्ने डेस्क अफिसर।
- **एकल बिन्दु सेवा केन्द्र (OSSC):** सम्बन्धित सम्पर्क अधिकृत ।

  **फोन नं.–०१-४५७५२९३**

  **e-mail : ossc@ibn.gov.np**

  **कोठा नं.** : **Block E**

- **प्रशासन तथा वित्त शाखाः** प्रशासन शाखा प्रमुख।

**(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

**सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५** र **नियमावली, २०७७** बमोजिम लगानी बोर्डबाट प्राप्त हुने सेवा, दफा/नियम, दस्तुर र समयावधिको विवरणः

- **आशयपत्र (EOI) पेस गर्नेः** नियमावलीको **नियम १७ (३)** बमोजिम **रु. १,५०,०००/-** दस्तुर लाग्ने र समयावधि सूचनामा तोकिए अनुसार **३० देखि ४५ दिन** हुन्छ।
- **प्रस्ताव (RFP) पेस तथा प्रस्ताव सम्बन्धि कागजात खरिदः** नियमावलीको **नियम २४(२)** को व्यवस्था अनुसार प्रस्ताव सम्बन्धी कागजात खरिद वापत लाग्ने शुल्क तपसिल बमोजिम रहेको र समयावधि सूचनामा तोकिए बमोजिम हुने।

| क्र.सं. | परियोजना लागत (रु.) | सेवा शुल्क |
|---|---|---|
| १. | ६ अर्बभन्दा कम | रु. १,००,०००/- |
| २. | ६ अर्ब देखि १० अर्बसम्म | रु. १,५०,०००/- |
| ३. | १० अर्ब देखि १५ अर्बसम्म | रु. २,००,०००/- |
| ४. | १५ अर्ब देखि २० अर्बसम्म | रु. २,५०,०००/- |
| ५. | २० अर्ब देखि ३० अर्बसम्म | रु. ३,००,०००/- |
| ६. | ३० अर्ब भन्दा बढी | रु. ३,५०,०००/- |

- **आह्वान नगरिएको प्रस्ताव पेसः** नियमावलीको **नियम २७** बमोजिम रु. २,५०,०००/- दस्तुर र अध्ययन अनुमती प्राप्त गर्नु अघि कार्यसम्पादन जमानत वापत परियोजना लागत अनुमानको शुन्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम बराबरको बैंक जमानत राख्नुपर्ने।
- **वार्ता द्वारा परियोजना कार्यान्वयनः** नियमावलीको **नियम २८(२)** बमोजिम रु २,५०,०००/- दस्तुर लाग्नेछ।
- **लगानी स्वीकृतिः** नियमावलीको **नियम ३१** बमोजिम रु १,५०,०००/- दस्तुर लाग्ने र रीतपूर्वक निवेदन परेको र बोर्ड बैठकबाट निर्णय भएको **१५ देखि २१ दिन** भित्र सेवा प्राप्त हुन्छ।
- **परियोजना सम्झौता (PDA/PIA) स्वीकृतिः** नियमावलीको **नियम ३५** बमोजिम परियोजना लागतको **शुन्य दशमल दुई** प्रतिशतले हुन आउने रकम दस्तुर लाग्ने र परियोजनामा लगानी स्वीकृति भएको मितिले एक वर्षभित्र परियोजना लगानी सम्झौता सम्पन्न भैसक्ने।

- **सम्झौता कार्यान्वयः** नियमावलीको **नियम ३६(१)** बमोजिम लगानीकर्ताले कार्यसम्पादन वापत परियोजनाको कूल लागत हुने रकम अनुमानको **शुन्य दशमल एक** प्रतिशतले हुने रकम बराबरको बैंक जमानत राख्नु पर्ने।
- **कार्यसम्पादन जमानत जफतः** नियमावलीको **नियम ३९** बमोजिम लगानीकर्ताले मनासिब कारण बिना सम्झौतमा उल्लिखित अवधिभित्र परियोजनाको निर्माण वा कार्यान्वयन गर्न प्रारम्भ नगरेमा वा मनासिब कारण बिना परियोजना निर्माण वा कार्यान्वयनको उपलब्धि वा सूचक हासिल नगरेमा वा सम्झौतामा उल्लिखित शर्त उल्लङ्घन गरेमा कार्यसम्पादन बापतको बैंक जमानत जफत गर्न सकिनेछ।
- **सर्वेक्षण अनुमति तथा म्याद थपः** नियमावलीको **नियम २९ को उपनियम (३) र (१०)** बमोजिम सर्वेक्षण अनुमति तथा म्याद थप बापतको दस्तुर तपसिल बमोजिम रहेको छ।

| **सर्वेक्षण अनुमति तथा म्याद थप बापतको दस्तुर** | | | |
|---|---|---|---|
| **(क) जलविद्युत** | | | |
| **क.सं.** | **जडान क्षमता** | **अनुमतिपत्र दस्तुर** | **म्याद थप दस्तुर** |
| १. | २०० मेगावाट देखि ५०० मेगावाट सम्म | प्रति वर्ष एकमुष्ट ५० लाख रुपैयाँ | प्रति वर्ष अनुमतिपत्र दस्तुर सरह |
| २. | ५०० मेगावाट भन्दा बढी | प्रति वर्ष एकमुष्ट ६० लाख रुपैयाँ | प्रति वर्ष अनुमतिपत्र दस्तुर सरह |

**(ख) वैकल्पिक ऊर्जा**

(सौर्य शक्ति, वायु शक्ति, खनिज, कोइला, ग्याँस, बायायोमास वा फोहोर लगायत अन्य कुनै पदार्थ वा साधनको उपयोगबाट) उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि प्रति मेगावाट प्रति वर्ष १० हजार रुपैयाँ।

| **(ग) अन्य पूर्वाधार** | | |
|---|---|---|
| **क.सं.** | **परियोजना लागत (रु.)** | **अनुमति दस्तुर** |
| १. | ६ अर्बभन्दा कम | रु. ३,००,०००/- |
| २. | ६ अर्ब देखि १० अर्बसम्म | रु. ५,००,०००/- |
| ३. | १० अर्ब देखि १५ अर्बसम्म | रु. १०,००,०००/- |
| ४. | १५ अर्ब देखि २० अर्बसम्म | रु. १५,००,०००/- |
| ५. | २० अर्ब देखि ३० अर्बसम्म | रु. २०,००,०००/- |
| ६. | ३० अर्ब भन्दा बढी | रु. २५,००,०००/- |

- **भिसा सिफारिसः** ऐनको **दफा ५२** र विकासकर्ता/लगानीकर्ता सँग भएको परियोजना सम्झौता (PDA/PIA) बमोजिम प्रचलित अध्यागमन नियमानुसारको दस्तुर लाग्ने र कागजात पुरा भएको **३ देखि ५ कार्यदिन** भित्र सिफारिस प्राप्त हुने।

- **वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सिफारिसः** नियमावलीको **नियम ३८** बमोजिम लगानी स्वीकृतिको जानकारी प्राप्त भएको एक वर्षभित्र वातावरणीय अध्ययन गर्नु वा गराउनु पर्ने, उल्लेखित प्रतिवेदन स्वीकृतिका लागि कार्यालयबाट सम्बन्धित निकायमा सिफारिस हुने। साथै यसका लागि बोर्डमा छुट्टै दस्तुर नलागी प्रचलित वातावरणीय कानुन अनुसारको प्रक्रिया र शुल्क लागू हुने व्यवस्था छ।
- **जग्गा प्राप्ति तथा रुख कटान सिफारिसः** जग्गा प्राप्ति ऐन, २०३४ तथा वन सम्बन्धी प्रचलित कानुन बमोजिम परियोजनालाई आवश्यक पर्ने जग्गा प्राप्ति र रुख कटानको स्वीकृतिका लागि कार्यालयले सम्बन्धित निकायमा सिफारिस गर्ने।
- **रोयल्टी दरः** नियमावलीको नियम २४(१) को खण्ड (ज) बमोजिम ऊर्जा सम्बन्धी परियोजजना कार्यान्वय गर्दा नेपाल सरकारललाई बुझाउने रोयल्टी दर देहाय बमोजिम रहेको छ।

  १. अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको पन्ध्र वर्ष सम्म प्रति जडित किलोवाट वार्षिक एक सय रुपैयाँ र प्रति युनिट (किलो वाट घण्टा) सरदर बिक्री मूल्यको दुई प्रतिशतका दरले,
  २. क्रम सङ्ख्या १. मा उल्लेखित अवधि पछि, अनुमतिपत्र प्राप्त व्यक्तिले प्रति जडित किलोवाट वार्षिक एक हजार रुपैयाँ र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको दश प्रतिशतका दरले,
  ३. वैकल्पिक ऊर्जा (सौर्य शक्ति वा वायु शक्ति) को हकमा जलविद्युत परियोजना सरहको रोयल्टी।

**(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

- **प्रक्रियाः** दर्ता सम्बन्धी प्रस्ताव/आवेदन - प्राविधिक अध्ययन/छानबिन - प्रमुख कार्यकारी अधिकृत (CEO) बाट सिफारिस - लगानी बोर्डको बैठकबाट अन्तिम निर्णय।
- **निर्णय गर्ने अधिकारीः** लगानी बोर्ड (सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा) तथा अधिकार प्रत्यायोजित विषयमा प्रमुख कार्यकारी अधिकृत (CEO)।
- सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ८ बमोजिमको काम, कर्तव्य र अधिकार सम्बन्धमा लगानी बोर्डबाट आवश्यक निर्णय हुने।

**(ज) निर्णय उपर उजूरी सुन्ने अधिकारीः**

- कार्यालय वा बोर्डको प्रशासनिक निर्णय उपर ऐन/नियममा तोकिएको पुनरावेदन समिति वा प्रचलित नेपाल कानुन बमोजिम उच्च अदालत / सर्वोच्च अदालत।

## (झ) सम्पादन गरेको कामको विवरणः

### स्थायी कार्यालय संचालनः

- जेन-जी आन्दोलनका क्रममा नयाँ बानेश्वरस्थित लगानी बोर्डको कार्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएपछि, नयाँ बानेश्वरकै अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (ICC) परिसरमा रहेको चमेनागृहको मर्मतसम्भार गरी मिति २०८३/०४/११ गतेदेखि उक्त स्थानबाट स्थायी रूपमा कार्यालय सञ्चालन गरिएको छ।

### सरोकारवालाहरूसँग छलफल तथा कार्यक्रम आयोजनाः

- अर्थ मन्त्रालय, गृह मन्त्रालय र उद्योग मन्त्रालयका मन्त्रीहरूको उपस्थितिमा नेपाल उद्योग वाणिज्य सङ्घसँगको सहकार्यमा **"We Will Rise"** कार्यक्रम सम्पन्न गरिएको।
- २०८२ पुस १ गते ५० भन्दा बढी चिनियाँ लगानीकर्ताहरूको उपस्थितिमा **Nepal-China Investment Symposium (Invest in Nepal)** कार्यक्रम आयोजना गरिएको।
- विदेशस्थित नेपाली नियोगहरुसँग नेपालमा लगानी प्रवर्द्धन सम्बन्धि अन्तर्क्रियात्मक छलफल कार्यक्रम गरिएको। (जनवरी ७-८, २०२६)
- अरुण-३ जलविद्युत परियोजनाको पहुँच सडक, प्रसारण लाइन, जग्गा विवाद लगायतका समस्या समाधानका लागि प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा संखुवासभा, भोजपुर, उदयपुर, सिराहा र धनुषामा स्थानीय तह र प्रभावित जनतासँग अन्तर्क्रिया (२०८२ मङ्सिर ९-१४)।
- गण्डकी, कोशी, सुदुरपश्चिम, लुम्बिनी र कर्णाली प्रदेशमा PPP अभिमुखिकरण कार्यक्रम सञ्चालन भइसकेको।

### महत्वपूर्ण सम्झौता तथा अनुमति-पत्रः

- पाँचखाल विशेष आर्थिक क्षेत्र (SEZ) को विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न नेपाल हेहे इकोनोमिक जोन कम्पनी लिमिटेडसँग समझदारीपत्र (MoU) मा हस्ताक्षर (२०८२ मङ्सिर १)।
- तल्लो अरुण जलविद्युत परियोजना (६६९ मेगावाट) को परियोजना अनुमति-पत्र जारी।
- पश्चिमा सेती जलाशययुक्त परियोजना (८०० मेगावाट) को सर्वेक्षण अनुमतिपत्रको म्याद १ वर्ष थप।

- बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत परियोजना (४३९ मेगावाट) का लागि **रु. ९३ अर्ब ४० करोड** बराबरको लगानी स्वीकृति र PDA वार्ता कमिटी गठन।

**नीतिगत, कानुनी तथा संस्थागत सुधारः**

- कार्यालयको नियमित कार्यसञ्चालन Digital Signature सहित मिति २०८२ श्रावण १ गते देखि GIOMS मार्फत भैरहेको ।
- सार्वजनिक-निजी तथा साझेदारी तथा लगानी ऐन,२०७५ बमोजिम लगानीकर्तालाई गरिने सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन मिति २०८३ बैशाख १४ गतेबाट भौतिक रुपमा एकल विन्दु सेवा केन्द्र (OSSC) संचालन भैरहेको।

**नियमित सेवा तथा सहजीकरणः**

- आ.व. ०८२/८३ मा लगानी बोर्डको ६५, ६६ र ६७औं बैठक सम्पन्न भएको।
- विभिन्न परियोजनाहरूका लागि श्रम इजाजत, गैर-पर्यटकीय भिसा, विष्फोटक पदार्थ आयात/ओसारपसार, भन्सार तथा VAT छुट, र विदेशी मुद्रा सटही/स्थानान्तरण जस्ता सिफारिस र सहजीकरणका कार्यहरू नियमित रूपमा गरिएको।
- आ.व. ०८२/८३ मा फोन तथा मेल मार्फत प्राप्त गुनासो दर्ता तथा व्यवस्थापन गर्ने प्रकृया शुरु गरिएको। हालसम्म ८ वटा प्राप्त गुनासोहरु मध्ये ७ वटा गुनासो सम्बोधन भएको र १ वटा प्रक्रियामा रहेको।

**(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पदः**

- **कार्यालय प्रमुखः** प्रमुख कार्यकारी अधिकृत (CEO)
- **सूचना अधिकारी/गुनासो सुन्ने अधिकारीः** मनोज रेग्मी, उपसचिव, मो.नं. **9851324693, email: gunaso@ibn.gov.np**

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

- सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५
- सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७
- रणनीतिक तथा व्यवसायिक योजना (२०८१/८२-२०८५/८६)
- विदेशि लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

आ.व. २०८२/८३ को आर्थिक विवरण:

| | विनियोजित बजेट | रोक्का बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| चालू | ६७,२३,८०,०००.०० | ४०,५१,१०,०००.०० | ४१,५०६,०५९.८० | |
| पूँजीगत | ७,२१,००,०००.०० | ०.०० | २३,२५४,२३८.०० | |

आम्दानी विवरण:
अन्य प्रशासनिक सेवा शुल्क: रु.८८,००,०००.००

(ड) कार्यालयको वेवसाइट, फेसबुक र एक्स अकाउन्ट:

वेवसाइट: https://ibn.gov.np/

फेसबुक: https://www.facebook.com/OIBNOffice

एक्स: https://x.com/IBNOffice

(ढ) सूचना सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:

यस अवधिमा सूचनाको हक अन्तर्गत १ वटा सूचना माग भई आएकोमा प्रचलित प्रक्रिया बमोजिम सूचना उपलब्ध गराईएको।